प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् सानोठिमी,भक्तपूर

## स्तर निर्धारण महाशाखा

# छोटो अवधिको तालीम कार्यक्रमको लागि पुर्वाधार निरिक्षण शुल्क जम्मा गर्ने वारेको सूचना ।

**प्रथम पटक प्रकाशित मिती २०७६।०४।०२ गते**

यस परिषद् कार्यालयको मिति २०७५।१२।२५ र मिति २०७६।०१।२४ गतेको गोरखापत्र दैनिकमा प्रकाशित छोटो अवधिको तालीम कार्यक्रम संचालन गर्न इच्छुक सस्थाहरुबाट प्रस्तावना माग भए बमोजिम परिषद् कार्यालय तथा परिषद् कार्यालय अन्तर्गतका प्रदेश कार्यालयहरुमा प्रस्तावना दर्ता गराएका सस्थाहरुले सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०७६।०४।०२ गते देखि मिति २०७६।०४।१६ गते सम्म) भित्र आफुले प्रस्तावना पेश गरेको कार्यालयमा सम्पर्क गरी सुचना अनुसारको कागजात पुरा भएमा पुर्वाधार निरीक्षणको लागि सम्वन्धित कार्यालयले तोकेको बैङ खाता नं. मा पुर्वाधार निरीक्षण शुल्क रु २५०००। जम्मा गरी सम्वन्धित कार्यालयहरुमा सक्कल बैङ भौचर पेश गर्नुहुन सवैमा जानकारी गराइन्छ । तोकिएको समय भित्र सम्पर्क गर्न नआएमा सस्थाहरुको प्रस्तावना स्वतः रद्द हुनेछ । उक्त सूचना परिषद कार्यालयको सूचना पाँटी र website www.ctevt.org.np मा समेत हेर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

**पुनश्चः**

१. केही सस्थाहरुको सुचनामा तोकिएको आवश्यक कागजात अपुग भएको, सस्था दर्ता रहेको स्थानमा नै तालीम कार्यक्रम संचालनको लागि सोही ठेगाना अनुसारको घरभाडा सम्झौता पेश गर्नु पर्नेमा सो अनुसार नगरेको, तालीम कार्यक्रमको सेक्टर फरक परेको र सूचनामा तोकिएको भन्दा बढी कार्यक्रम माग गरेका सस्थाहरुले परिषद कार्यालयको हकमा परिषद कार्यालय र प्रदेश कार्यालयको हकमा सम्वन्धित प्रदेश कार्यालयमा सम्पर्क गरी सूचना अनुसार प्रकृया पुरा गरेर मात्र पुर्वाधार निरीक्षण शुल्क बुझाउनु पर्नेछ । अन्यथा प्रकाशित सूचना अनुसारको प्रकृया पुरा नगरी दर्ता भएका प्रस्तावना फारमहरु स्वतः रद्द हुनेछ । प्रकृया पुरा नगरेका प्रस्तावनाहरुको पुर्वाधार निरीक्षण शुल्क जम्मा गरेमा कार्यालय जवाफदेही हुने छैन ।

**निर्देशक**